## हल्दीबारी गाउँपालिकाको २७ स्थानमा टोल विकास संस्था गठनको सूचना :

**"हल्दीबारीका महिला, विकासमा पहिला"** भन्ने अभियानलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि हल्दीबारी गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित **"टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७५"** बमोजिम साविक हल्दीबारी, गोलधाप र जलथल गा.वि.स. का सबै पुराना वडाहरुमा महिलाहरु मात्र सम्मिलित टोल विकास संस्था गठन गर्नु पर्ने भएकाले हल्दीबारी गाउँपालिका मातहतका सबै वडा कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्र पर्ने टोल विकास संस्था गठनका लागि जारी गरेको सूचना बमोजिम तोकिएको मिति, स्थान, र समयमा साविक वडाभित्र हाल बसोबास गर्नुहुने आम महिला दिदीबहिनीहरु उपस्थित भई टोल विकास संस्था गठनमा सकृय सहभागिता जनाई दिनु हुन हल्दीबारी गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

### टोल विकास संस्था गठन गर्ने विधि :-

१. पहिलो पटकको लागि साविक गा.वि.स.का पुराना वडाहरुमा टोल विकास संस्था गठन गर्न हल्दीबारी गाउँ कार्यपालिकाले तोकेको कार्यपालिकाको एकजना महिला सदस्य, सम्बन्धित वडाको वडा अध्यक्ष र सम्बन्धित वडाको कम्तीमा एकजना महिला वडा सदस्यको अनिवार्य उपस्थिति रहनेछ ।

२. उपस्थित महिलाहरुको समुह भित्र पनि समावेशिता (आदिबासी, जनजाति, दलित, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदि) समेत झल्किने गरी सर्वसम्मत किसिमले महिलाहरु मात्र समावेश हुने गरी बढीमा १५ सदस्यीय टोल विकास संस्थाको कार्यकारिणी समिति गठन गरिनेछ ।

३. कुनै कारणले सर्वसम्मत ढंगबाट बढीमा १५ सदस्यीय टोल विकास संस्था गठन हुन नसकेमा गोलाप्रथाको माध्यमबाट तोकिएको मितिमा नै टोल विकास संस्था गठन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना सम्प्रेषण गरिएको छ ।